## अनुसूची २

(दफा ४ तथा अनुसूची-१ को भाग-२ संग सम्बन्धित)

बर्दगोरिया गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः७ संख्याः७ मितिः२०८०/११/२३

**भाग-२**

**बर्दगोरिया गाउँपालिका**

कलेज अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन गर्न बनेको कार्यविधि २०८०

आज्ञाले

प्रकाश ढुंगाना

प्रमुख प्रशासकिय अधिकृत

# बर्दगोरिया गाउँपालिका

# बौनिया, कैलाली, सुदुरपश्चिम प्रदेश,नेपाल

## कलेज अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन गर्न बनेको कार्यविधी २०८०

**प्रस्तावना :** राष्ट्रिय विकासका लागि बर्दगोरिया गाउँपालिका अन्तर्गतका उच्च शिक्षा प्राप्त गर्ने विद्यार्थीका लागि गुणस्तरीय शिक्षाद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य, सिपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई घरदैलोमै सर्वसुलभ उच्च शिक्षा प्रदान गर्न तथा संघीय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्था अनुरुप जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न यस गाउँपालिका क्षेत्रभित्र संचालित सरकारी तथा सामुदायिक कलेजको शैक्षिक व्यवस्थापनमा टेवा पुऱ्याउन बाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन,२०७४ एवं नेपालको संविधानको मर्म अनुरुप अर्को व्यवस्था नभएसम्मका लागि गाउँपालिकाले यो कलेज अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०८० लागु गरिएको छ ।

### परिच्छेद १

### संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम कलेज अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०८० रहेको छ ।

ख) यो कार्यविधि प्रमाणिकरण (कार्यपालिकाबाट स्वीकृत भएको) मिति देखि लागु हुनेछ ।

ग ) यो कार्यविधि बर्दगोरिया गाउँपालिकामा संचालित सरकारी/सामुदायिक कलेजलाई मात्र लागु हुनेछ ।

२. **परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क) "कार्यविधि" भन्नाले बर्दगोरिया गाउँपालिकाको कलेज अनुदान तथा व्यवस्थापन कार्यविधि, २०८० सम्झनु पर्दछ ।

ख) "गाउँपालिका" भन्नाले बर्दगोरिया गाउँपालिकालाई सम्झनु पर्दछ ।

ग) "गाउँ सभा" भन्नाले बर्दगोरिया गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

घ) “गाउँ कार्यपालिका” भन्नाले बर्दगोरिया गाउँपालिकाको कार्यपालिका लाई सम्झनु पर्दछ।

ङ) “प्रमुख” भन्नाले बर्दगोरिया गाउँपालिकाको गाउँपालिका प्रमुखलाई सम्झनु पर्दछ।

च) “कलेज” भन्नाले बर्दगोरिया गाउँपालिकामा संचालित सरकारी/ सामुदायिक कलेजलाई सम्झनु पर्दछ।

छ) “सरकारी तथा सामुदायिक कलेज” भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकार, प्रदेश सरकार र बर्दगोरिया गाउँपालिकाबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृती प्राप्त कलेज सम्झनु पर्दछ।

ज) “उच्च शिक्षा” भन्नाले माध्यमिक शिक्षा कक्षा १२ उत्तीर्ण गरे पश्चात लिइने उच्च शिक्षा सम्झनु पर्दछ।

झ) “उप-प्राध्यापक तथा सहायक प्राध्यापक” भन्नाले सरकारी तथा सामुदायिक कलेजमा अध्यापनरत कलेजबाट तथा संचालक समितिबाट प्रचलित कानून बमोजिम नियुक्त गरिएका शिक्षक सम्झनु पर्दछ।

ञ) “अस्थायी सहायक प्राध्यापक” भन्नाले सरकारी तथा सामुदायिक कलेजमा अध्यापनरत विश्वविद्यालय तथा कलेज संचालक समितिबाट प्रचलित कानून बमोजिम अस्थायी एवं करार भनी नियुक्त गरिएका शिक्षक सम्झनु पर्दछ।

ट) “कर्मचारी” भन्नाले सामुदायिक कलेजमा अध्यापनरत विश्वविद्यालय तथा कलेज संचालक समितिबाट प्रचलित कानून बमोजिम नियुक्त गरिएका कर्मचारी सम्झनु पर्दछ।

ठ) “समिति” भन्नाले कलेज संचालक समिति सम्झनु पर्दछ।

ड) “कलेज प्रमुख” भन्नाले कलेज संचालक समिति वा विश्वविद्यालयबाट प्रशासनिक कामकाज समेत गर्ने गरी नियुक्त गरिएको उप- प्राध्यापक/शिक्षक सम्झनु पर्दछ।

## परिच्छेद : २

## अनुदानको उद्देश्य

### ३. अनुदानको उद्देश्यः

क) कलेज नेपालमा सरकार तथा विश्वविद्यालयबाट कुनै पनि प्रकारको तलब, सेवा सुविधा नपाइरहेका कलेजको आन्तरीक श्रोतबाट मात्र न्यून पारिश्रमिकमा कार्यरत उपप्राध्यापक, सहायक प्राध्यापक, प्रशिक्षक तथा कर्मचारीहरुलाई प्रोत्साहित गर्ने।

ख) कलेजको संरचनात्मक तथा उच्च शिक्षाको शैक्षिक गुणस्तर सुधार गर्ने कियाकलाप सञ्चालनमा सहयोग गर्ने।

ग) कलेजबाट प्रदान गरिने सेवा लाई प्रभावकारी, जनमुखी तथा भरपर्दो तुल्याउन सहयोग गर्ने।

घ) स्थानिय स्तर एवं घरदैलोमै उच्च शिक्षा प्राप्त गर्न चाहने युवाको चाहनालाई साकार तुल्याउन सहयोग गर्ने।

## परिच्छेद -३

## अनुदान दिन सकिने क्षेत्रहरु

४. अनुदान दिन सकिने क्षेत्रहरु :

१. यस गाउँपालिकाद्वारा योजना खुलाई तोकेको बाहेक अनुदान शिर्षकमा प्रदान गरिएको रकम देहाय बमोजिमका शिर्षकमा खर्च गर्न सकिने छ ।

क) नेपाल सरकार तथा विश्वविद्यालयबाट कुनै अनुदान नपाउने र हाल कलेजको आन्तरिक श्रोतबाट मात्र न्यून पारिश्रमीक पाईरहेका उप- प्राध्यापक/सहायक प्राध्यापक र प्रशिक्षक तलब भत्ता

ख) नेपाल सरकार तथा विश्वविद्यालयबाट कुनै अनुदान नपाउने र हाल कलेजको आन्तरिक श्रोतबाट मात्र न्यून पारिश्रमीक पाईरहेका कर्मचारीको तलब भत्ता

ग) मसलन्द तथा कार्यालय संचालन खर्च

घ) फर्निचर तथा फिचर्स

ङ) आई. टी. /मेशिनरी सामग्री खरीद

च) पुस्तकालय खर्च

छ) खेलकुद कार्यक्रम खर्च

ज) अतिथी सत्कार खर्च

झ) विद्यार्थी शैक्षिक भ्रमण खर्च

ञ) अर्न्तक्रियात्मक कार्यक्रम संचालन खर्च

ट) विविध खर्च

२. उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिका वा गाउँ सभाबाट माथि उल्लेखित मध्ये कुनै शिर्षकमा तोकेर विनियोजन गरेको खण्डमा सोही शिर्षकमा मात्र खर्च गर्नुपर्ने छ ।

## परिच्छेद ४

## अनुदान तथा सहायता रकम निकासा तथा कार्यान्वयन प्रकृया

थ) अनुदान तथा सहायता रकम निकासा प्रकृया:

क) यस कार्यविधी बमोजिम उपलब्ध गराउने अनुदान रकम कार्यपालिका तथा सभाबाट निर्णय पारित गरी तोकिए बमोजिम हुने छ ।

ख) अनुदान प्राप्त गर्ने कलेजले अनुदान कुन कुन शिर्षकमा माग गर्ने हो सोको प्रस्तावना कलेज व्यवस्थापन समितिको निर्णय सहित गाउँपालिकामा पेस गर्नुपर्नेछ।

ग) अनुदान रकम दुई किस्तामा कलेजको खातामा निकासा दिइनेछ। पहिलो किस्ता कलेजको प्रस्तावनाका आधारमा ५० प्रतिसत निकासा हुनेछ। दोश्रो तथा अन्तिम किस्ता सम्बन्धित कलेजले पेस गरेको खर्चको विल भरपाई, प्रमाणित कागजातहरु, कार्य सम्पन्न प्रतिवेदन, पालिकास्तरीय अनुगमन समितिको सिफारिसका आधारमा निकासा दिईनेछ।

घ) गाउँपालिकाले तलब भत्ता बाफत उपलब्ध गराईएको अनुदान कलेजले बैंक मार्फत सम्बन्धित प्राध्यापक वा कर्मचारीको बैक खातामा वा तलबी भरपाई मार्फत भुक्तानी दिनुपर्ने छ।

ङ) अनुदान रकम पेश्कीको रुपमा दिन सकिने छ।

च) अनुदान दिइसके पछि कलेजले गाउँपालिकालाई तलबी भरपाई वा खर्चको फाँटवारी तथा बिलहरु पेश गरी पेश्की फर्च्यौट गर्नुपर्ने छ।

छ) तलब भत्ता बाफत अनुदानको हकमा नेपाल सरकार तथा विश्वविद्यालयबाट कुनै पनि तलब, सेवा सुविधा प्राप्त नगरेको कलेजको आन्तरीक श्रोतबाट मात्र तलब, सेवा सुविधा पाईरहेका उप- प्राध्यापक, सहायक प्राध्यापक तथा कर्मचारीको विवरण र नियुक्ति उपलब्ध गराउनु पर्नेछ।

माथी क देखि छ सम्म जुनसुकै कुरा लेखिएको भए तापनि कलेजमा कार्यरत उप-प्राध्यापक, सहायक प्राध्यापक वा कर्मचारीको बार्षिक तलब भत्ता अपुग भएमा कलेज आफैले अपुग रकम बेहोर्नुपर्ने छ। र गाउँपालिकाले देहाय बमोजिमका आधारमा कलेजलाई दिईने अनुदान रकम बर्षैपिच्छे फरक - फरक हुन सक्ने छ।

क) गाउँपालिकाको आन्तरिक आम्दानी

ख) गाउँपालिकाको वार्षिक बजेटको आकार

ग) गाउँपालिकाको योजनाको प्रमाणीकरण

घ) अनुदानको आवश्यकता औचित्यता र प्रभावकारीता

## परिच्छेद -५

## पारिश्रमिक तथा तलब सुविधा

क. बर्दगोरिया कलेजलाई शिक्षण सहायक (आंशिक प्राध्यापक) को आवश्यकता परेमा कलेज व्यवस्थापन समितिले निर्णय गरे बमोजिम प्रति विषयको मासिक रु. ८,००० (अक्षरेपी आठहजार मात्र) का दरले

पारिश्रमिक प्रदान गरिनेछ ।

ख) कलेज प्रमुखको हकमा मासिक भत्ता रु ५,०००/- (अक्षरेपी पाँच हजार मात्र) उपलब्ध गराईने छ । साथै वार्षिक रुपमा आर्थिक वर्षको अन्त्यमा एक महिनाको तलब बरावरको प्रोत्साहन भत्ता प्रदान गरिनेछ।

ग) कार्यरत कर्मचारीहरुलाई वार्षिक रुपमा पोशाक भत्ता स्वरुप रु. ८,०००/- (अक्षरेपी आठहजार मात्र) प्रदान गरिनेछ ।

ग) शिक्षक तथा कर्मचारीहरुको तलव सुविधाको सम्बन्धमा नेपाल सरकारको नियमानुसार देहाय बमोजिम हुनेछ ।

**त्रिभुवन विश्वविद्यालयको नियमानुसार शिक्षक तथा कर्मचारीहरुको तलव सिट (२०८० देखि लागु हुने)**

| क्र.सं. | तह | पद | आधारभूत मासिक तलव दर | ग्रेड संख्या | ग्रेट दर | जम्मा ग्रेड रकम | जम्म तलव रु. |
|---|---|---|---|---|---|---|---|
| १ | १ | कलेज प्रमूख | ४८,७३७.०० | १ | १,६२५.०० | १,६२५.०० | ५०,३६२.०० |
| २ | ३ | सहायक-प्राध्यापक/सहायक-प्रशासक | ४३,६८९.०० | | | - | ४३,६८९.०० |
| ३ | ४ | लेखापाल | ३२,९०२.०० | | | - | ३२,९०२.०० |
| ४ | ५ | कार्यालय सहयोगी (लाइब्रेरियन) | २४,७०२.०० | | | - | २४,७०२.०० |
| | | जम्मा | | | | १,६२५.०० | १५१,६५५.०० |

## परिच्छेद -६

## विविध

**६. लेखापरीक्षण सम्बन्धी व्यवस्था :**

कलेजलाई निकासा भएको रकमको लेखापरीण कलेजको हकमा कलेज/विश्वविद्यालयको विनियम बमोजिम तथा गाउँपालिकाको हकमा प्रचलित आर्थिक सम्बन्धी ऐन तथा नियमावली बमोजिम हुने छ ।

७. **अनुगमन सम्बन्धी व्यवस्था:**

क) यस कार्यविधि बमोजिम निकासा भएको रकमबाट तोकिए बमोजिम कार्य भए नभएको सम्वन्धमा गाउँपालिकाबाट अनुगमन हुनेछ । अनुगमनको क्रममा तोकिएको सम्बन्धित शीर्षकमा खर्च नभएको पाइएमा गाउंपालिकाले अनुदान कट्टी गरी भुक्तानी भएको अनुदान असुल गर्न सक्नेछ ।

ख) गाउँपालिकाबाट अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनमा अनुदान रकमबाट तोकिएको कार्य नभएको पाईएमा गाउँपालिकाले तोकिएको कार्य सम्पन्न गर्न समिति वा कलेज प्रमुखलाई निर्देशन गर्न सक्नेछ ।

ग) गाउँपालिकाले दिएको निर्देशन पालना गर्नु सम्बन्धित कलेज संचालक समिति वा कलेज प्रमुखको कर्तव्य हुनेछ ।

घ) खण्ड (ग) बमोजिम निर्देशन पालना नगर्नेलाई कानुन बमोजिम कारवाही गर्ने वा कारवाही गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउन सकिने छ ।

८. **संशोधन तथा परिमार्जन:**

गाउंपालिकाले कलेज अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०८० लाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार गाउँ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

९. **बचाउ तथा खारेजी:**

क) यो कार्यविधी गाउँकार्यपालिकाबाट आर्थिक बर्ष २०८०/२०८१ मा कलेजमा दिईने अनुदानको हकमा मात्र लागु गरिने छ । यस कार्यविधी बमोजिम यसै चालु आर्थिक वर्ष भित्रका कियाकलापमा मात्र सम्बन्धित कलेजले खर्च गर्नुपर्नेछ ।

ख) यो कार्यविधी गाउँ कार्यपालिकाबाट संशोधन वा खारेजी हुन सक्नेछ ।

प्रमाणिकरण मिति : २०८०/११/१६

आज्ञाले

..............................

प्रमुख प्रशासकीय अधिकृत

2080/11/16